# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २७] काठमाडौं, पुस १८ गते २०३४ साल [अतिरिक्ताङ्क ४५ (क

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्ल
र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको ला
प्रकाशित गरिएको छ ।

२०३४ सालको ऐन नं. २०

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विवि
विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्क
ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद पर
उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवि
ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रब
गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्र
श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् स
समरविजयिनाम् ।**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

809

## लोक सेवा आयोग (कार्यविधि) ऐन, २०२० लाई संशोधन गर्न बनेको ऐन

**प्रस्तावना:** लोक सेवा आयोग (कार्यविधि) ऐन, २०२० लाई संशोधन गर्न वाञ्छनीय भएकोले, श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "लोक सेवा आयोग (कार्यविधि) (दोस्रो संशोधन) ऐन, २०३४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. लोक सेवा आयोग (कार्यविधि) ऐन, २०२० को दफा ३ मा संशोधन: लोक सेवा आयोग (कार्यविधि) ऐन, २०२० (यसपछि "मूल ऐन" भनिएको) को दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छ:–

"३. आयोगको बैठक र निर्णय: (१) संविधान र प्रचलित नेपाल कानूनबमोजिम आयोगले गर्नुपर्ने सबै काम आयोगको बैठकमा पेश गरी निर्णय भएबमोजिम कार्यान्वित गरिनेछ ।

(२) आयोगको बैठकको सभापतित्व अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा उपस्थित सदस्यहरूमध्ये वरिष्ठ सदस्यले बैठकको सभापतित्व गर्नेछ ।

(३) आयोगको तत्काल बहाल रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित नभई आयोगको बैठक बस्न सक्नेछैन ।

(४) बहुमतको निर्णय आयोगको निर्णय मानिनेछ र मत बराबर भएमा सभापतित्व गर्ने व्यक्तिले निर्णयात्मक मत समेत दिन पाउनेछ ।

(५) आयोगको निर्णय आयोगको सचिव वा आयोगको निदशन अनुसार आयोगको अन्य राजपत्रांकित कर्मचारी वा आयोग मातहतको कार्यालय प्रमुखले प्रमाणित गर्नेछ ।"

३. मूल ऐनमा दफा ३क. थप: मूल ऐनको दफा ३ पछि देहायको दफा ३क. थपिएको छ:–

"३क. प्रत्यायोजित अधिकारबमोजिम गरेको काम कारवाईमा चित्त नबुझेमा उजुर गर्न सक्ने: (१) संविधानको धारा ७८ को उप–धारा (४क.) बमोजिम प्रत्यायोजित अधिकार प्रयोग गर्ने अधिकारीले आयोगले तोकेको शर्त वा नीति निर्देशनको विपरीत भएको काम कारवाईमा चित्त नबुझ्ने व्यक्तिले सो काम कारवाई भए गरेको मितिले पैंतीस दिनभित्र आयोगमा वा आयोगले तोकेको अधिकारीसमक्ष उजूर गर्न सक्नेछ र त्यस्तो उजूरी पर्न आएमा आयोगले आवश्यक सम्झेको आदेश दिन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर, त्यस्तो काम कारवाई उपर पुनरावेदन लाग्ने छुट्टै व्यवस्था भएकोमा सोही बमोजिम पुनरावेदन गर्नु पर्नेछ ।

(२) आयोगद्वारा प्रत्यायोजित अधिकारबमोजिम भएको काम कारवाईको सम्बन्धमा आयोगले जुनसुकै समय सोधपूछ गर्न वा त्यस्तो कारवाईको निरीक्षण गर्न गराउन सक्नेछ र त्यस्तो सोधपूछ भएकोमा समूचित जवाफ दिनु वा निरीक्षण गरेकोमा आवश्यक सहयोग गर्नु सम्बन्धित अधिकारीको कर्तव्य हुनेछ ।"

४. मूल ऐनको दफा ४ मा संशोधन: मूल ऐनको दफा ४ को,–

(१) उप-दफा (४) मा रहेको "कामको गोप्य प्रतिवेदन" भन्ने शब्दहरूको सट्टा" "आयोगले तोकेबमोजिमको विवरण" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उप–दफा (५) मा र को "कामको गोप्य प्रतिवेदन" भन्ने शब्दहरूको सट्टा "आयोगले तोकेबमोजिमको विवरण" भन्ने शब्दहरू राखिएका छन् ।

(३) उप-दफा (६) को सट्टा देहायको उप-दफा (६) राखिएको छ:–

"(६) संविधानको धारा ७८ को उप-धारा (१) को खण्ड (ङ) अन्तर्गत राजपत्राँकित निजामती कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा सजाय दिने अधिकारीले आयोगसँग परामर्श लिंदा,

(क) सम्बन्धित निजामती कर्मचारीलाई प्रस्तावित सजायको सूचना दिनु अगावै निजलाई दिइने प्रस्तावित सजाय खुलाई सम्बन्धित फाइल साथ पठाउनुपर्छ ।

(ख) निजामती सेवा ऐन, २०१३ को दफा ६ को उप-दफा (१) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (ख) बमोजिम कारवाई भएकोमा सजाय दिने अधिकारीले सोबमोजिम कारवाई गर्नु परेको कारण समेत खुलाई पठाउनुपर्छ ।"

(४) उप-दफा (८) को सट्टा देहायको उप-दफा (८) राखिएको छ:–

"(८) संविधानको धारा ७८ को उप-धारा (३क.) अन्तर्गत श्री ५ को सरकारको स्वामित्व वा नियन्त्रण भएको संगठित संस्था वा त्यस्तो संस्थाको स्वामित्व वा नियन्त्रण भएको अन्य संस्थाका कर्मचारीको सेवा शर्तसम्बन्धी नियम र ती संस्थाको सेवा वा पदमा नियुक्ति, बढुवा र विभागीय कारवाई गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा नियुक्ति गर्ने अधिकारीले आयोगको परामर्श लिंदा त्यस्तो संस्थासित सम्बन्धित मन्त्रालयको प्रतिक्रया र आयोगले तोकेको अरू विवरण सहित खुलाई पठाउनु पर्नेछ ।"

५. मूल ऐनको दफा ५ मा संशोधन: मूल ऐनको दफा ५ को उप-दफा (५) को सट्टा देहायको उप-दफा (५) राखिएको छ:–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४०३

"(५) दफा ४ को उप-दफा (८) बमोजिम आयोग को परामर्शको लागि आएकोमा त्यस्तो संस्थाहरूको सेवालाई अधिकाधिक निपुण र सुदृढ बनाउन ती संस्थाहरूको सेवाको शर्तसम्बन्धी नियमहरूमा कामको प्रकृति अनुसार फरक गर्नुपर्ने कुरामा फरक गर्ने र एक रूपता ल्याउनु पर्ने कुरामा एक रूपता ल्याउने व्यवस्था समेतको बिचार गरी आयोगले परामर्श दिनेछ ।"

६. मूल ऐनमा दफा ५क. थप: मूल ऐनको दफा ५ पछि देहायको दफा ५क. थपिएको छ:–

"५क. सुपरिवेक्षणको व्यवस्था: संविधानको धारा ७८ को उप-धारा (३क.) बमोजिम आयोगको परामर्श लिइएको विषयमा सोबमोजिम भए नभएको सुपरिवेक्षण गर्न आयोगले कुनै कर्मचारीलाई खटाउन सक्नेछ र त्यसरी कर्मचारी खटिआएमा निजको काममा सहयोग पुऱ्याउनु र निजले माग भएबमोजिमको विवरण दिनु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।"

७. मूल ऐनको दफा ७ मा संशोधन: मूल ऐनको दफा ७ को उप-दफा (२) को सट्टा देहायको उप-दफा (२) राखिएको छ:–

"(२) दफा ६ को खण्ड (ग) र (घ) बमोजिम हुने छानबीन र अन्तर्वार्तामा उपस्थित हुनलाई प्राविधिक पदको निमित्त सम्बन्धित विषयको विशेषज्ञ र प्रशासनिक पदको निमित्त सम्बन्धित कार्यालयको पर्यवेक्षक पठाउन आयोगले नियुक्तिको अधिकारीलाई सूचना दिनेछ र त्यस्तो सूचना पाएपछि त्यस्तो अधिकारीले पनि सकभर उपयुक्त श्रेणीको विशेषज्ञ वा पर्यवेक्षक पठाइदिनु पर्नेछ ।"

लालमोहर सदर मिति:– २०३४।९।१८।२

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।